नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौँ

(प्रशासन शाखा)

प.सं. ०७७/७८
च.नं. ९१२

मिति : २०७७/०८/०३

### सूचना ।

कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा काठमाडौंबासी महानुभावहरुले पुर्याउनु भएको सहयोग र समन्वयको कार्य प्रशंसनीय छ । यस परिप्रेक्ष्यमा विशेषगरी काठमाडौं उपत्यकामा विगत लामो समयदेखी मनाइदै आएका धार्मिक तथा साँस्कृतिक चाडपर्व, मेला, उत्सव जस्ता कार्यक्रमहरु यस वर्ष पूर्ण रुपमा निषेध गरिएका छन् । यसमा उपत्यकाबासी आदरणीय जनसमुदायको उल्लेखनीय सहयोग रहेको हाम्रो निष्कर्ष छ । हालको बाध्यात्मक परिस्थितिमा नजिकिदै गरेको छठ पर्वको सन्दर्भमा समेत अन्य साँस्कृतिक धार्मिक चाड पर्वमा जस्तै भिडभाडजन्य गतिविधि गर्न नपाइने, संस्कार अनुसार उक्त पर्व पनि घर-घरमै बसेर मनाउनु पर्ने नदी, तलाउ, खोला र पोखरी जस्ता सार्वजनिक स्थानमा भीडभाड हुने गरी भेला जम्मा हुन नपाइने गरी रोक लगाइएकोले यस वर्षको लागि यो पर्व घरभित्रै बसेर मनाई आफ्नो धर्म संस्कारको संरक्षण गर्नु/गराउनु हुन सबैमा अनुरोध छ । यसका साथै नेपाल सरकार (मन्त्रिपरिषद्) को विभिन्न मितिमा भएका निर्णयहरुबाट हाललाई पार्टी प्यालेस जस्ता भीडभाडजन्य गतिविधि हुने स्थानहरु सञ्चालनमा रोक लगाइएको अवस्थामा केही पार्टी प्यालेसहरु सञ्चालन भएको भन्ने बुझिन आएकोले उक्त निषेधित कार्य नगर्नु/नगराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

उल्लेखित निषेधित कार्यहरु गरे/गराइएको पाइएमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारबाही गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

077/08/03
रमा घिमिरे
प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।
फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८
इमेल :daobabarmahal@gmail.com वेवसाइट: daokathmandu.moha.gov.np